बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

**आ.व.०८३।८४ कार्यपालिका बैठक, मिति: २०८३।०५।१६ गते, बैठक सङ्ख्या ३ को प्रस्ताव, कार्यसूची र निर्णयहरू**

प्रस्ताव नं. ३.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. ३.२ विपद व्यवस्थापनका लागि (राष्ट्रिय) सहयोग र राहत सम्वन्धमा,

प्रस्ताव नं. ३.३ मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि समिति गठन सम्वन्धमा,

प्रस्ताव नं. ३.४ राजस्व आम्दानी सम्बन्धमा,

प्रस्ताव नं. ३.५ नदीजन्य पदार्थ मूल्याङ्कनको लागि कार्यदललाई जिम्मेवारी दिने सम्वन्धमा,

प्रस्ताव नं. ३.६ गुनासो सुनुवाईको सम्बन्धमा।

**मिति: २०८३।०५।१६ गते, बाणगङ्गा नगरपालिकाको नगर कार्यपालिका बैठक सङ्ख्या ३ का निर्णयहरू**

**प्रस्ताव नं. ३.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा,**

**निर्णय नं. ३.१** अघिल्लो कार्यपालिका आर्थिक वर्ष २०८३।०८४ को दोस्रो बैठक रहेको र उक्त बैठकबाट सबै शाखा प्रमुखहरूले आ-आफ्नो शाखाबाट सम्पादन गरिने यस आर्थिक वर्ष २०८३।०८४ को योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न स्वीकृत कार्यान्वयन कार्यतालिका अनुसार योजना तर्फ उपभोक्ता समिति गठन तथा खरिद प्रकृया अन्तर्गत ठेक्का आव्हान गर्ने र कार्यक्रम तर्फ कार्यक्रम स्वीकृत गराई सूचना प्रकाशन गर्ने निर्णय भई र कार्यान्वयनको क्रममा रहेको, बाणिज्य नीति, २०८१ को स्वीकृत कार्यान्वयन कार्ययोजना अनुरुप कार्यान्वियन गर्ने निर्णय भएको, नागरिकहरुलाई आवतजावतमा सहजता ल्याउन र वर्षादका कारण भत्किएका र खाल्डा खुल्डीका कारण कुनैपनि सडक दुर्घटना नहोउन भन्ने उद्देश्यका साथ मर्मत गर्नुपर्ने अत्यावश्यक ठाउँहरुमा मर्मत सम्भारको लागि गरपालिकाको मेशीनरी औजार प्रयोग गरी सबै वडाहरूको आवश्यकता परेको ठाउँमा बाटोको दायाँ बायाँको झाडी सफाइ गर्ने र बाटो मर्मत गर्ने र मर्मत सम्भारको लागि विनियोजन भएको बजेट शिर्षकबाट सोही कार्यको लागि मेशिनरी सञ्चालनार्थ ईन्धनवापतको खर्च व्यहोर्ने गरि निर्णय गरिएको र कार्यान्वयनको चरणमा रहेको, ईन्डक्सन चुलो, सुधारिएको चुलो प्राप्त गर्न नियमानुसार निवेदन दर्ता गराएका नागरिकहरुलाई वैकल्पिक उर्जा प्रर्द्धन केन्द्र र नगरपालिकाको संयुक्त लगानीमा प्राप्त भए अनुसार लागत सहभागिता रकम लिई उपलब्धताको आधारमा वितरण गर्ने निर्णय भए अनुरुप वडा वडामा पठाईएको, LGPAS पुनरावलोकनको लागि जि.स.स.मा पठाईएको विवरण समिक्षाको रुपमा अभिलेख गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.२ विपद व्यवस्थापनको लागि (राष्ट्रिय) सहयोग र राहत सम्बन्धमा,**

**निर्णय नं. ३.२** मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति बाणगङ्गा नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ । यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना तथा घाइते एवं प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । राष्ट्रिय विपद्को यस कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरूलाई राहत तथा पुनर्स्थापनाका लागि जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुबाट तपसिल बमोजिम दिनले हुन आउने रकम तथा नगरपालिकाको विपद व्यवस्थापन कोषबाट एकमुष्ट रु.४५,००,०००।– (पैतालिस लाख) **प्रधानमन्त्री दैवी प्रकोप उद्दारकोषमा** आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | पद तह | मासिक पारिश्रमिक को आधारमा (दिन) |
|---|---|---|
| १ | जनप्रतिनिधि | ३ दिन |
| २ | उपसचिव | ७ दिन |
| ३ | अधिकृत देखि सहायक कर्मचारी | ५ दिन |
| ४ | रा.प.अनं.पाँचौ देखि श्रेणी विहिन सम्म | २ दिन |
| शिक्षक तर्फ | | |
| १ | मा.वि. प्रथम | १० दिन |
| २ | मा.वि. तह द्वितिय र तृतीय | ७ दिन |
| ३ | नि.मा.वि. तह प्रथम र द्वितिय | |

| सि.नं. | पद तह | मासिक पारिश्रमिक को आधारमा (दिन) |
|---|---|---|
| ४ | प्राथमिक तह प्रथम | |
| ५ | नि.मा.वि. तह तृतीय | ५ दिन |
| ६ | प्राथमिक तह द्वितिय र तृतीय | |
| ७ | विद्यालय कर्मचारी | २ दिन |

**प्रस्ताव नं. ३.३ मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि समिति गठन सम्बन्धमा,**

**निर्णय नं. ३.३** मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८२।०८३-२०८६।०८७) को कार्यान्वयनको सुनिश्चिवताको लागि दफा ४.२.४ बमोजिम निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - चक्रपाणी अर्याल - नगरप्रमुख अध्यक्ष

सदस्य – रिता कुमारी चौधरी – नगर उपप्रमुख

सदस्य – वडा अध्यक्ष सबै

सदस्य – अधिकृत स्तरका शाखा प्रमुख सबै

सदस्य – सूर्य कुमारी शाही

सदस्य – भेषराज पाण्डे

सदस्य – अर्जुन पोखेल नागरीक समाज

सदस्य – ईलाका प्रहरी कार्यालय, प्रमुख

सदस्य – बाबुराम मरासिनी, नगर प्रहरी प्रमुख

सदस्य सचिव – भक्तिराम मरासिनी – प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति - केशबराज भट्टराई- प्रशासन शाखा प्रमुख

**प्रस्ताव नं. ३.४ राजस्व आम्दानी सम्बन्धमा,**

**निर्णय नं. ३.४** यस नगरपालिकाको हालसम्मको राजस्व आम्दानी रु.१ लाख ६९ लाख ५८ हजार ९७७ भएकोले सोही बमोजिम अभिलेख सार्वजनिक गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.५ नदीजन्य पदार्थ मूल्याङ्कनको लागि कार्यदललाई जिम्मेवारी दिने सम्बन्धमा,**

**निर्णय नं. ३.५** आन्तरीक आय संकलन तर्फ यस बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका नदी तथा खोलाहरुबाट प्राप्त हुने नदीजन्य पदार्थको परिमाण एकिन गरी ठेक्का बन्दोबस्त गर्ने कार्यको लागि गत आ.व. २०८२।०८३ मा गरिएको विभिन्न खोला प्रारम्भिक वातावरणीय परिक्षण IEE को परिमाण र फिल्डमा रहेको परिमाण एकिन गर्न र थप क्षेत्र पहिचान गरी ७ दिन भित्र सिफारिस गर्न देहायको समिति गठन गरी जिम्माबारी दिने निर्णय गरियो ।

संयोजक – ईन्जिनियर सुनिल श्रेष्ठ – सहरी विकास शाखा प्रमुख

सदस्य - मदन घिमिरे – उद्योग शाखा प्रमुख

सदस्य – नविन पाण्डे – वन तथा वातावरण शाखा प्रमुख

सदस्य – आदित्य नारायण खनाल- भूमी शाखा

सदस्य सचिव- अमृता पौडेल- राजस्व शाखा प्रमुख

**प्रस्ताव नं. ३.६ गुनासो सुनुवाईको सम्बन्धमा,**

**निर्णय नं. ३.६** बाणगङ्गा नगरपालिकाको गुनासो पोर्टल र हेलो सरकार गुनासो पोर्टलमा आएका गुनासाहरुको विषयमा कार्यपालिकामा प्रस्तुत भई जानकारी भएको प्राप्त गुनासाहरु फछर्यौट गर्ने र सेवा प्रवाहलाई छिटो छरितो र गुणस्तरीय बनाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

CamScanner